आज मिति २०७७ साल बैशाख २६ गते शुक्रबारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाकको ५४ औं कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रह्यो ।

**उपस्थिति**

| क्र.सं. | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३ | वडा अध्यक्ष/न.का.स | श्री श्रीकृष्ण अधिकारी | | |
| ४ | वडा अध्यक्ष/न.का.स | श्री दिपकराज जोशी | | |
| ५ | वडा अध्यक्ष/न.का.स | श्री सिंहराज श्रेष्ठ | | |
| ६ | वडा अध्यक्ष/न.का.स | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष/न.का.स | श्री जगन्नाथ ढकाल | | |
| ८ | वडा अध्यक्ष/न.का.स | श्री महेश्वर के.सी. | | |
| ९ | वडा अध्यक्ष/न.का.स | श्री नरोत्तम राना | | |
| १० | वडा अध्यक्ष/न.का.स | श्री केशव बहादुर खत्री | | |
| ११ | वडा अध्यक्ष/न.का.स | श्री जोग प्रसाद नेपाल | | |
| १२ | वडा अध्यक्ष/न.का.स | श्री मधुसुदन पाण्डे | | |
| १३ | वडा अध्यक्ष/न.का.स | श्री उत्तम अधिकारी | | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री पार्वती अधिकारी | | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री जगतमाया महर्जन | | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री उर्मिला बि.क. | | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री शोभा तामाङ | | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बच्चु बस्याल | | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सन्जिव सुनुवार | | |
| २२ | सदस्य सचिव/प्र.प्र.अ. | श्री प्रदिप पौडैल | | |

Scanned with CamScanner

निर्णयहरु:-

१. हाल विश्वभर फैलिएको कोरना भाईरस (कोभिड-१९) का कारण सिर्जित समस्याको रोकथाम, न्यूनिकरण एंव राहत वितरण कार्यको लागि यस नगरपालिकामा स्थापना भएको राहत कोषमा भएको आय-व्ययको समिक्षा गर्दै आम्दानी खर्च अनुमोदन गर्ने निर्णय गरियो।

२. यस नगरकार्यपालिकाको निर्णय अनुसार वडा कार्यालयवाट प्रदान गरिएको राहत रकममा तपशिल वमोजिमका वडाहरुमा बन्दावन्दीवाट (Lock Down) प्रभावित तथ्याङ्क संख्या संकलन गरी छनौट भएका परिवारहरुलाई राहत वितरण गर्न रकम नपुग भई थप रकम निकासाको लागि माग भई आएकोले देहाय वमोजिम थप रकम विपद कोषवाट वडा कार्यालयहरुलाई निकासा दिने निर्णय गरियो। साथै उक्त राहत रकम निकासा गर्दा यस अघिको मिति २०७७-१-२४ को कार्यपालिका बैठकवाट पारित भएको अर्थ-मन्त्रालयको मापदण्ड वमोजिमको राहत सम्वन्धि निर्देशिका र बैठकको निर्णयमै आधारित रहि उपलब्ध गरिएको थप रकमवाट उक्त मापदण्डकै राहत परिणामको अधिकतम् सिमामा रहने गरी राहत वितरण गर्न वडा कार्यालयले आवश्यकता,औचित्यताको आधारमा उपलब्ध राहत, परिवार संख्यालाई समानुपातिक ढंगले थप रकमको अधिनमा रही वितरण गर्ने अधिकार वडा कार्यालयलाई नै जिम्मेवारी दिने निर्णय गरियो।

| वडा नं. | साविक विनियोजित रकम | हाल विनियोजित रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ७ लाख | २ लाख | ९ लाख | |
| २ | १० लाख | ३ लाख | १३ लाख | |
| ३ | १३ लाख | ४ लाख | १७ लाख | |
| ४ | १० लाख | ३ लाख | १३ लाख | |
| ५ | १० लाख | ३ लाख | १३ लाख | |
| ६ | १० लाख | ३ लाख | १३ लाख | |
| ७ | १३ लाख | ३ लाख | १६ लाख | |
| ८ | १३ लाख | ४ लाख | १७ लाख | |
| ९ | १३ लाख | ४ लाख | १७ लाख | |
| १० | १३ लाख | ४ लाख | १७ लाख | |
| ११ | १३ लाख | ४ लाख | १७ लाख | |
| जम्मा | | ३६ लाख | १ करोड ६२ लाख | |

साथै आवश्यकता र औचित्यताको आधारमा राहत वितरणका लागि नगर प्रमुखको सिफारिसको अधारमा थप रकम निकासा समेत दिने सकिने निर्णय गरियो। एवं दैनिक मेश संचालन गर्ने व्यक्ति संघ संस्थाहरुलाई मेश संचालन गर्न

Scanned with CamScanner

असहज भई माग भएमा आवश्यकता देखिएमा नगर प्रमुखको सिफारिसमा खाद्यान्न सहयोग उपलब्ध गराउन सकिने समेत निर्णय गरियो ।

३. कोभिड-१९ को असरबाट मुलुकमा भएको बन्दाबन्दीका कारण सिर्जित समस्याबाट दैनिक हातमुख जोर्न समस्यामा परेका वर्गलाई वडा कार्यालयबाट राहत वितरण गरिदा वडा कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये सो कार्यमा अग्रपंक्तिमा खटिएका कर्मचारीहरुलाई कार्य गरेको दिनको हाजिरीको आधारमा वडा कार्यालयको सिफारिस अनुसार बढीमा एक महिनाको शुरु तलव स्केलको शत प्रतिशत सम्म रकम प्रोत्साहन स्वरुप दिने निर्णय गरियो ।

४. आगामी आ.व २०७७/७८ को नीति,योजना,कार्यक्रम तथा वजेट ऐनले तोकेको समयसीमा भित्र नै सम्पन्न् गर्नु पर्ने कानुनी अवस्था रहेकोले सो सम्बन्धि आवश्यक कार्य अगाडी वढाउनको लागि तपशिल वमोजिमको कार्यसूचि पारित गर्ने निर्णय गरियो ।

| सि.नं. | क्रियाकलाप | मिति | कै. |
|---|---|---|---|
| १ | पहिलो चरण: संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्त गर्ने | जेष्ठ १,२०७७ भित्र | |
| २ | दोश्रो चरण: श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | | |
| | (क) राजस्व परामर्श समितिबाट आन्तरिक आयको अनुमान गर्ने | जेष्ठ १, २०७७ | |
| | (ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट कुल श्रोत अनुमान तथा बजेट सीमा निर्धारण | जेष्ठ ४, २०७७ | |
| | नगर कार्यपालिका बैठक | जेष्ठ ६ , २०७७ | |
| | (ग) क्षेत्रगत बजेट सीमा निर्धारणका क्षेत्रहरु | जेष्ठ १०, २०७७ | |
| | (घ) आयोजना प्राथमिकिकरणका आधारहरु | जेष्ठ १०, २०७७ | |
| ३ | तेश्रो चरण: बस्ती/टोल स्तरबाट आयोजना/कार्यक्रम छनौट | जेष्ठ १७, २०७७ भित्र | |
| ४ | चौथो चरण: वडा स्तरीय योजना प्राथमिकिकरण | जेष्ठ २०, २०७७ भित्र | |
| | विषयगत क्षेत्रबाट योजना / कार्यक्रम प्राथमिकीकरण | | |
| | आर्थिक विकास क्षेत्र: कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र | जेष्ठ २५, २०७७, | समय बिहान ८.०० बजे |
| | सामाजिक विकास क्षेत्र: शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैगिक समानता तथा सामाजिक समावेशीकरण | जेष्ठ २६, २०७७ | |
| | पूर्वाधार विकास क्षेत्र: सडक, पुल तथा झोलुंगे पुल, सिचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचार | जेष्ठ २७, २०७७ | |
| | वातावरण तथा विपद व्यवस्थापन क्षेत्र: वन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप | जेष्ठ २८, २०७७ | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | नियन्त्रण, विपद व्यवस्थापन | | |
| | संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र: सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्यांक सकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रवर्धन | जेष्ठ २९, २०७७ | |
| ५ | पाचौं चरण: बजेट तथा कार्यक्रम तर्जूमा समितिव्दारा एकिकृत बजेट तथा कार्यक्रम तर्जूमा | जेष्ठ ३०, २०७७ | |
| ६ | छैठौं चरण: नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने | आषाढ ५, २०७७ | |
| ७ | सातौं चरण: नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति र कार्यान्वयन | आषाढ १०, २०७७ | |

पुनश्च:- विशेष परिस्थिती परेका उल्लेखित समय तालिकामा हेरफेर हुन सक्नेछ।

५. चालु आ.व २०७७/७८ को यस नगरपालिका कार्यालय अन्तर्गत संचालन हुने गरी स्थानीय पुर्वाधार विकास साझेदारी र प्रदेश पुर्वाधार विकासको तपशिल बमोजिमका योजनाहरु कोभिड-१९ का कारण मुलुका भएको बन्दाबन्दीले गर्दा समयमानै संचालन एवं सम्पन्न गर्न नसकिने अवस्था श्रृजना भएकोले आगामी आ.व २०७७/७८ को पहिलो चौमासिक सम्मको लागि योजना संचालन तथा भुक्तानीको लागि म्याद थप गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

<u>प्रदेश पुर्वाधार तर्फ:-</u>

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | बौडेश्वर मा.वि भवन सबलिकरण | १ | १००००००/- | |
| २ | ओमशान्ति भवनबाट भण्डारी टोल हुदै भण्डारी चोक सम्म सडक स्तरउन्नती | ११ | ५००००००/- | |
| ३ | मिलन टोल सडक स्तरोउन्नती | ८ | १५०००००/- | |
| ४ | सिम्रा चौर देखि बौडेश्वर स्कुल हुदै भण्डारी चोक सम्मको सडकस्तर उन्नती | १ | ५००००००/- | |
| ५ | कल्की मन्दिर गट देखि वासुकी मार्ग जाने सडक स्तरोउन्नती | ५ | ५००००००/- | |
| ६ | टोखा न.पा ९ र १० गोगबुमुल सडक बीचरहेको स्थानबाट खानेपानी र ढल। सडक कालोपत्रे सहित) एकीकृत योजना | ९,१० र ११ | १५००००००/- | |
| ७ | गणेशस्थान देखि विष्णुमति सम्म सडक तथा ढल निर्माण | २,३ | ५००००००/- | |
| ८ | ओमप्लाजा देखि विष्णुमति पुल सम्म सडक स्तरोन्नती | ११ | ३००००००/- | सशर्त |
| ९ | हात्तीडोल सडक स्तरउन्नती | ६ | ३००००००/- | सशर्त |
| १० | साईबाबा चोक देखि विष्णुमति सम्म सडक स्तरोउन्नति | ३ | ४००००००/- | सशर्त |

स्थानीय पुर्वाधार विकास साझेदारी तर्फ:-

| सि.नं. | योजना तथा कार्यक्रमको नाम | वडा नं. | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १ | सपन तिर्थ मन्दिर तथा सतल पुर्ननिर्माण | २ | ८००००००/- | |
| २ | धनेश्वर खानेपानीको जम्मा संरक्षण र व्यवस्थापन | ३ | ३००००००/- | |
| ३ | सुनिधा प्लास देखि बुढानिलकण्ठ न.पा ७ जोड्ने सडक | ६ | ५००००००/- | |
| ४ | धापासी मा.वि भवनस्थल पुर्वाधार र कम्पाउण्ड वाल निर्माण | ४ | ८२६००००/- | |
| ५ | कार्की स्टोर-राम मन्दिर मैजुहिटी धारा- होटल शाहन्सा सडकस्तरउन्नती | ७ | ५००००००/- | |
| ६ | निउरे खोला देखि जगात वाल सम्मको सडक स्तरउन्नती | १ | ५००००००/- | |

६. यस नगरपालिका ५ नं. वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री अन्जना गिरीको सडक दुर्घटनाका कारण मिति २०७७-१-१५ गतेका दिन असामयिक निधन भएकोले निज अन्जना गिरी उपर हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकसन्तप्त परिवारमा हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो । साथै कर्मचारीहरुको हकहितलाई ध्यानमा राखी कामको शिलशिलामा दुर्घटना भएमा आवश्यक सेवा सुविधा उपलव्ध गराउनको लागि आवश्यक व्यवस्था मिलाउने साथै हालका लागि निज अन्जना गिरीको हकदारलाई रकम रु ५ लाख नगरपालिकाको तर्फवाट आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

७. विविधः- क. प्रदेश सम्पुरक अनुदान माग सम्बन्धमा: यस नगरपालिकाको ३ र ८ नं. वडामा पर्ने बालुवापाटी-धनेश्वर-भत्केको पुल सडकको स्तरोन्नतिको लागि लागत अनुमान रु. १,९९,८२,३०५/६३ मा प्रदेश सम्पुरक अनुदानमा ५०% प्रतिशत यस नगरपालिकाले व्यहोर्ने र बाँकी ५०% रकम प्रदेश सम्पुरक अनुदानको रुपमा बागमती प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

ख. कोरोना भाइरस संक्रमणको Lockdown राहत सामग्री वितरण गर्ने क्रममा ४ नं. वडा कार्यालयले quotation मार्फत चयन गरिएको वडा नं. ६ स्थित म्याक्स खाद्य सप्ल्यार्सले खाद्यान्ह वितरण गर्दा तौलमा लापरबाही गरी कम तौल राहत सामाग्री वितरण गरिएकोले यथाशिघ्र कारवाहीका लागि मिति २०७७/०१/०२; च. नं.:१२४३ अनुरोध गरिएकोले सो सम्बन्धमा छानविनको लागि तपशिल बमोजिमको छानविन समिति गठन गर्ने निर्णय गरियो ।

**छानविन समिति:**

नरोत्तम राना, कार्यपालिका सदस्य (वडाध्यक्ष, ७ नं. वडा कार्यालय) : संयोजक

महेश्वर के.सी, कार्यपालिका सदस्य (वडाध्यक्ष, ६ नं. वडा कार्यालय) : सदस्य

अनिल प्रसाद जोशी, अधिकृत सातौं : सदस्य सचिव

ग. टेन्डर/कोटेशनमा गएका योजनाहरुलाई सामाजिक दुरी कायम गर्दै अगाडी बढाउने निर्णय गरियो । साथै, E-Bid मा गएका योजनाहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको निर्देशानुसार अगाडी बढाउने निर्णय गरियो।

Scanned with CamScanner

घ. कोभिड-१९ को लागत संकलनको लागि वडा कार्यालय अन्तर्गत खटिएका कोभिड रोगथाम नियन्त्रण समूहका सदस्यहरुलाई वढीमा ५ दिनको नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको भत्ता उपलव्ध गराउने निर्णय गरियो।

ङ. यस नगरका मुख्य-मुख्य चोकहरु सामाखुसी चोक, गोंगबुगणेस्थान, बसुन्धारा चोक, बसपार्क, टोखा गेट, जालपा चोक, ग्रिनल्याण्ड चोक, जगातमा Health Desk स्थापना गर्ने निर्णय गरियो।

च. टोखा-झोर एम्बुलेन्स संचालन समितिद्वारा २४ घन्टे इमर्जेन्सी सेवामा एम्बुलेन्स संचालन हुँदै आएकोमा हाल कोरोना (Covid-19) माहामारीको समयमा नि:शुल्क संचालन गरेकोले चालक श्री उत्तम दुलाललाई ह.स.चा. शुरु तलब बराबरको भत्ता Lockdown अवधिभरलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

छ. यस टोखा नगरपालिका ८ नं. वडा कार्यालयमा वडा सदस्यमा निर्वाचित तथा नगर कार्यपालिकाका सदस्य श्री शोभा तामांगको सो पद अनुसार मर्यादाक्रमका सम्बन्धमा यस कार्यालयका कानूनी सल्लाहकारद्वय समेतको राय परामर्शको आधारमा आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

ज. वाग्मति प्रदेश सरकारले आगामी आ.ब २०७७/७८ मा संचालन गर्ने समपुरक तथा विशेष अनुदान ( समपुरकको लागिः- प्रदेश सरकार ५० प्रतिशत र नगरपालिका ५० प्रतिशत लागत सहभागिता) का योजनाहरु प्रति योजना लागत रकम रु २ करोड सम्म रहने गरी माग गरेकोमा माथि सिफारिस भएको अलावा तपशिलका योजनाहरु प्रति योजना रु २ करोड सम्म रहने गरी लागत अनुमान तयार गरी अनुसूचि सहित सिफारिस पठाउने निर्णय गरियो।

**<u>समपुरक अनुदान तर्फका योजनाहरुः--</u>**

अ. टोखा १ नं वडा कार्यालयवाट झोर महाँकाल देवीस्थान सम्म मेशिनरी वाल .नं १ पा.,साईडड्रेन तथा सडक ढलान गर्ने।

आ. भिल्ली (पंन्चेटार) देखि दल्खु-ईको हुँदै वखुन्डोल सम्मको सडक स्तरउन्न्ती

इ. DPR तयार भएको वडा नं. २ मा रहेको सपनतिर्थ पार्क निर्माण

ई. वडा नं. ४ को हरियाली वस्तीमा रहेको सार्वजनिक जग्गामा ईन्डोर खेलमैदान तथा कर्भड हल निर्माण

उ. वडा नं. ३ को स्टार टाउनको मूल सडक स्तर उन्नती

ऊ. वडा नं. ७ मा स्वास्थ्य चौकी भवन निर्माण

**विशेष अनुदान तर्फका योजनाहरुः**

ऋ. टोखा न.पा वडा नं. १ को नयाँ वस्ती खानेपानी ट्याङ्की निर्माण तथा पाईपलाईन विस्तार रु. ३० लाख

ऌ. टोखा न.पा वडा नं. ३ को मनकामना मन्दिर खानेपानी वोरिङ् निर्माण तथा संचालन रु ३० लाख

झ. टोखा न.पा-२, साविक टोखा चण्डेश्वरी गा.वि.स वडा नं. ६ (ख) स्थित कि.नं. ११५ क्षे.फ ६०-४-०-० सरकारी जगा मध्ये प्रा.स्वा.केन्द्रलाई नगरअस्पतालमा वृद्धि गर्नको लागि ९ रोपनी जग्गा प्रचलित कानून अनुसार लिजमा उपलव्ध गराउने प्रकृयाको लागि सम्वन्धित निकायमा सिफारिस भई कार्यान्वियनमा रहेकोमा सोहि कि.नं.को जगा मध्ये ४ रोपनी जग्गामा प्रदेशस्तरीय स्वास्थ्य ल्याव भवन निर्माण गर्न जग्गा लिजमा उपलव्ध गराउने प्रचलित कानुन वमोजिम जगा उपलव्ध गराउन प्रदेशस्तरीय सामाजिक विकास मन्त्रालय लगायत अन्य सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

Scanned with CamScanner